**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# 'सुनामी' कथाको समाजपरक अध्ययन

**हिमा पौडेल**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Hima Paudel Email: himapaudel010@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65064*

**लेखसार**

*प्रस्तुत अध्ययन "सुनामी" कथाको सामाजपरक अध्ययनमा केन्द्रित रहेको छ । आठ वर्षको उमेरमा कथा विधामा प्रवेश गरेकी इल्या भट्टराईले "**अनि""....**कथा सङ्ग्रहमा सङ्ग्रहीत उत्कृष्ट कथा "सुनामी" रचना गरेकी छिन् । कथामा नारी स्वतन्त्रताको चाहाना राख्ने आधुनिक, समसामयिक, सामाजिक यथार्थको चित्रण गर्ने कथाकारको रूपमा परिचित छिन् । यस अध्ययनमा जाति, क्षण र परिवेशको आधारमा सुनामी कथाको सामाजपरक अध्ययन गरिएको छ । यस सुनामी कथाको अध्ययन गर्न कथाका समाजपरक पक्षहरूलाई जाति,क्षण र परिवेशलाई समाजसँग जोडेर खोजी गरी त्यस आधारमा विश्लेषण नहुनु यस अध्ययनको समस्या देखिएको छ । सुनामी कथाको जाति क्षण र परिवेशका आधारमा सामाजपरक अध्ययन गर्नु यस अध्ययनको उद्देश्य बनेको छ । यो गुणात्मक अध्ययनमा पुस्कालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा सुनामी कथा रहेको छ भने द्वितीयक स्रोतको रूपमा पूर्वकार्य,लेख रचना,पत्रपत्रिका,शोध सामग्री,सन्दर्भ पुस्तक र अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई तर्क र प्रमाणको आधारमा पुष्टि गरिएको छ । समाजका यथार्थ मान्यतालाई प्रभावकारी ढङ्गले देखाइएको छ । सुनामी कथालाई जाति क्षण र परिवेशको आधारमा सामाजिक धरातलमा राखेर अध्ययन गर्न सक्नु नै निष्कर्ष रहेको छ । प्राकृतिक प्रकोपबाट समयमै बचेर सामाजिक र पारिवारिक सम्बन्ध जोगाउनुपर्ने देखिएको छ ।*

***विशेष शब्द :*** सुनामी,मातृत्व,प्रकोप,सामाजपरकता

## विषय प्रवेश

कथाकार इल्या भट्टराईको (वि.स. २०१२ मङ्सिर १३ काठमाडौँमा) माता मायादेवी र पिता मदनणमणि दीक्षितकी छोरी हुन् । कथातर्फ उनको मन मनै त हो (२०६०) अनि ...........(२०६२) ,

निशब्द प्रश्नहरु (२०६३) ,जीवनका रङ्गहरू(२०६८), त्यो एउटा बिहान (२०७४) गरी पाँचओटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । इल्या भट्टराई मनको आनन्द सुखानुभूतिका लागि लेख्ने सर्जक हुन् । लेखनका साथसाथै भट्टराईको व्यक्तित्व सम्पादन र समाज सेवामा पनि संलग्न भएको पाइन्छ उनले मनका कुरा जस्ताको तस्तै स्मारिका ग्रन्थको सम्पादन गरेकी छिन् । त्यसतै नेपाल साहित्य विकास परिषद् नेपाल स्रष्टा समाज,गुञ्जन, मदनमणि दीक्षित अधिष्ठान आदि संघसंस्थामा आबद्ध भएर योगदान पुऱ्याएकी छिन् । केही समय माध्यमिक विद्यालयकी शिक्षिका भएर काम गरेकी इल्या भट्टराई सहकारी संस्थाकी सञ्चालक र इन्जिनियरिङ कन्सलटेन्सीकी निर्देशक समेत भएकी छिन् । लेखन र समाज सेवामा पुऱ्याएको योगदानको कदर स्वरूप उनलाई शिक्षा पुरस्कार (२०४४) र नेपाल साहित्य परिषदबाट सम्मान (२०६३) प्रदान गरिएको छ । उनका कथाहरू सामाजिक धरातलमा उभिएका पाइन्छन् । उनका कथाले समाज र साहित्य कहिल्यै पनि अलग हुन सक्दैन भन्ने  यथार्थ देखाएका छन् ।

समाज भनेको एकप्रकारको समुदाय हो जसका सदस्यहरू आफ्नो जीवन पद्धतिप्रति सजग र साझा लक्ष्य एवं मूल्यका लागि संगठित हुन्छन् (Ottaway) । भट्टराईले **"अनि""....**कथा सङ्ग्रहमा सङ्ग्रहीत उत्कृष्ट कथा "सुनामी" रचना गरेकी छिन् । यो कथा छोटा छोटा ४६ अनुच्छेदको लघु आयाममा संरचित छ । सामुद्रिक ज्वारभाटाबाट सुनामीले मानवीय जीवनमा पार्ने असरहरू प्रस्तुत गर्दै कथाको  जाति, क्षण र परिवेशको आधारमा सामाजपरक अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । जातिले कृतिमा अभिव्यक्त  राष्ट्रिय चरित्रलाई बुझाउँछ (शर्मा,सन् २०१२) । कथामा विविध पात्रहरूको प्रयोग गरिएको हुन्छ । ती पात्रहरू नै जाति हुन् । सुनामी कथामा म पात्र (आमा), जोनाथन (जेठो छोरो), क्रिस्ट्रफर (कान्छो छोरो) श्रीमान् डेभिड गरी  मुख्य चार जना पात्रहरूको प्रयोग गरिएको छ । क्षण अर्न्तगत टेनले युग विशेषलाई लिएका छन् (शर्मा, सन् २०१२) । यसमा युग भनेको लेखक बाँचेको र उसको जीवनमा प्रत्यक्ष प्रभाव पारेको समय हो । कृतिमा लेखकका जीवनको महत्वपूर्ण क्षणहरू समेटिने भएकोले र समस्या पनि आफैँले भोगेको हुनाले सुनामी कथामा सुनामीको बारेमा र त्यसबाट निम्तिने सम्बन्ध दरारको चर्चा गर्न सकेकी हुन् । समाजको यथार्थलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुपर्छ भन्ने उनको मान्यता रहेको छ । उनका कथाहरू सामाजिक धरातलका उभिएका हुन्छन् । उनको विचार कथाको सन्दर्भमा उत्तिकै लागु भएको छ । सुनामी कथाका विषयवस्तुहरू यात्राका सन्दर्भमा देखे भोगेका घटनालाई आधार  बनाएर लेखेकी छिन् । लेखक बाँचेको समय र भौगोलिक  पर्यावरणलाई परिवेश भनिन्छ । इल्या भट्टराई कुशल नियात्राकार हुन् । उनी तारानाथ शर्मालाई आफ्नो लेखनको आदर्श मान्ने इल्या भट्टराई नियात्रा लेखनमा बढी रुचि राख्ने गर्दछिन् । आफ्ना कथामा पनि यात्राको सन्दर्भमा देखेभोगेका  घटनालाई आधार बनाएर लेखेकी छिन् । सुनामी जापनिज भाषाबाट आएको शब्द हो । **"सु"**को अर्थ बन्दरगाह र **"नामी"** को अर्थ छाल भन्ने हुन्छ । नदीको प्रवाहमा उत्पन्न भएर आउने छाल भन्ने बुझिन्छ । न्युजिल्यान्डको गर्मी छल्न थाइल्यान्डको फुकेत टापुमा म पात्र र उनका छोराहरु र श्रीमान्सँग घुम्न आएको प्रसङ्ग जोडिएको छ । उनी पश्चातापको दवानल, अविश्वासको ठुलो पर्खाल,क्रुर परीक्षा,पीडाको आहाल,गहिरो खाडल,काँतर चित्कार,चरक्क चिरिक्क, अग्निपरीक्षा, अलौकिक दृश्यको रूपमा सुनामी आएको छ । प्रकोपबाट उत्पन्न परिस्थितिको चित्रण, .आमा र छोराको मानवीय सम्बन्ध, मातृत्वको परीक्षा

र बाल मस्तिष्कमा पारेको गहिरो प्रभाव, समसामयिकता र यथार्थता,प्रकोपको मारमा मानवियता सङ्कटमा पर्नु मातृवात्सल्य र अनुभूतिहरूको अन्तर्द्वन्द्व जस्ता पक्षहरूलाई समाजसँग जोडेर जाति, क्षण र परिवेशको आधारमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

समाजशास्त्रीय आधार साहित्यसँग जोडिएको हुन्छ  साहित्यको अध्ययनबाट त्यस समयका मानिसको भावना,विचार र जीवन अवस्थाबोध हुन्छ । समय र युगको खोज साहित्यसँग जोडिएको हुन्छ । साहित्य र समाज एकअर्काका नजिक हुन्छन् (रेग्मी, सन् २०२२) । अनुसन्धानअनुसार साहित्य समाजसँग जोडिएको हुन्छ । यिनीहरू एकअर्काका परिपूरक रहेका हुन्छन् । कथामा देखाइएका घटनाहरू यथार्थका नजिक रहेका छन् । कथाको घटनाले समाजका घटनाको बोध हन्छ । यस अनुसन्धानमा पनि सुनामी कथाका समाजपरक पक्षहरूलाई,आमा र छोराकाबिचमा परेको मानवीय सङ्कटलाई समाजका यथार्थ पात्रसँग जोड्ने प्रयास गरिएको छ ।

समाज साहित्य र संस्कृतिको सम्बन्ध अपरिहार्य हुन्छ भन्ने कुरालाई देखाइएको छ । कथाको माध्यमबाट समाज विकासको कुनै कालखण्डको यथार्थलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । पूर्वी तराईको उपेक्षित मधेशी समुदायलाई उच्च वर्गले गरेको व्यवहार देखाइएको छ । दैनिक रुपमा गरिने व्यावहारबाट संस्कृति निर्धारण हुन्छ भन्ने कुरा देखाइएको छ (लामिछाने, २०२२) माथिको अनुसन्धानअनुसार संस्कृति, समाज र साहित्यलाई जोडिएको छ । यस अनुसन्धानमा पनि आमा र छोराबिचको दैनिक व्यावहारलाई संस्कृतिसँग जोड्न सकिन्छ । सुनामीका कारण दुईबिचका सम्बन्ध धरापमा परेको देखाइएको छ । यस कथाका घटनाहरू समाज र संस्कृतिसँगै जोडिएका छन् ।

साहित्य र समाज एकअर्काका पुरक हुन् । साहित्य र समाजको अध्ययन गर्ने शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले समाज निर्माण र विकासमा योगदान पुऱ्याउँछ । समाजका अन्य संस्था झैँ साहित्यलाई समाजको रुपमा लिएर अध्ययन गरिएको छ । साहित्यमा भएका  घटनाले समाजको यथार्थलाई झल्काइदिन्छन् (पौडेल,सन्२०२३) माथिको अनुसन्धान साहित्य समाजशास्त्रलाई समाजसँग जोडिएको छ । यस अनुसन्धानमा पनि प्राकृतिक प्रकोपको कारण निम्तिएको समस्यालाई समाजको यथार्थ घटनासँग जोड्ने प्रयास गरिएको  छ ।

मानवतावाद समाजका लागि  एक महत्त्वपूर्ण पाटो रहेछ । मानवतावादी विचारको प्रस्तुति उपन्यासका माध्यमबाट समाजलाई पस्किदिएको छ । मानवतावाद यस्तो शक्ति हो,जसले मानिसलाई मानिस बनाउँछ । मानवले गर्ने थिचोमिचो, शोषण, दमनजस्ता व्यावहार नै मानवतावादका विरोधि व्यावहार हुन् । मानवले भातृत्वको विकास गर्नु, हत्या हिंसा त्याग्नु नै मानवतावाद हो (न्यौपाने, सन् २०२३) ।माथिको अनुसन्धानमा मानवतालाई जोड दिइएको छ । यस अनुसन्धानमा पनि प्रकृतिले दिएको सङ्कटका कारण मानवतावाद धरापमा परेको कुरा देखाउने प्रयास गरिएको छ । आमा र छोराकाबिचमा प्राकृतिक प्रकोप खडा भएको पक्ष समेटिएको छ । सुनामी कथामा भएका कथाका समाजपरक पक्षहरूलाई समाजसँग जोडेर जाति, क्षण र परिवेशको आधारमा देखाउने प्रयास गरिएको छ । विधाभित्र भएका घटना पढाइमा मात्र सीमित नभएर व्यावहारिक रूपमा हाम्रो जीवनमा जोडिएका हुन्छन् भन्ने कुरा देखाउने प्रयास गरिएको  छ ।

सुनामीका कारण निम्तिएका समस्याले मानव जीवनमा कति धेरै असर पुऱ्याउँछ भन्ने कुरा देखाइएको छ । कथाका घटनाहरू समाजसँग जोडिएको कुरा देखाउने प्रयास गरिएको छ । कथाका घटनाक्रमहरू काल्पनिक नहुने कुरा देखाउने जमर्को गरिएको छ ।

साहित्यलाई जाति, क्षण र परिवेशको आधारमा चित्रण गर्नु नै समाजपरक विश्लेषण हो (शर्मा, सन् २०१२) बिन्दु शर्माले आफ्नो लेखमा टेनको सिद्धान्तलाई आधार मान्दै उलार उपन्यासलाई जाति क्षण र परिवेशको आधारमा विश्लेषण गरेकी छिन् । यस लेखमा सुनामी कथाको समाजपरक विश्लेषण गरिएको छ ।

## समस्याकथन र उद्देश्य

साहित्यिक कृतिको विविध दृष्टिले विश्लेषण गर्न सकिन्छ । सुनामी कथामा रहेका समाजपरक पक्षहरूलाई जाति क्षण र परिवेशको आधारमा सामाजिक रूपबाट अध्ययन गर्नु आवश्यकता बनेको देखिएको छ । यस सुनामी कथाको विश्लेषण गर्न कथाका समाजपरक पक्षहरूलाई जाति, क्षण र परिवेश समाजसँग जोडेर खोजी गरी त्यस आधारमा अध्ययन नहुनु यस अध्ययनको समस्या हो । समाजपरक पक्षहरूको जाति, क्षण र परिवेशको आधारमा अध्ययन गरी सामाजिक रूपबाट समस्याको प्राज्ञिक समाधान पहिल्याउने उद्देश्य अध्ययनमा रहेको छ ।

## अध्ययनको औचित्य

इल्या भट्टराई नेपाली साहित्यका क्षेत्रमा समसामयिक यथार्थवादीधाराकी सर्वोच्च प्रतिभा हुन् । उनको सुनामी कथा नेपाली कथाका क्षेत्रमा उत्कृष्ट सामाजिक कथा हो । त्यसैले उनको सुनामी कथाका सामाजिक जाति क्षण र परिवेशको आधारमा समाजपरक पक्षहरूको समाजपरक अध्ययन र विश्लेषण गर्नु अध्ययनको विषय हो र यस अध्ययनमा त्यसैको वस्तुगत विश्लेषण गरिएको हुँदा प्रस्तुत अध्ययनको निकै नै महत्व देखिन्छ । विभिन्न विज्ञ, पाठ्यक्रम निर्माता,विद्यार्थीवर्ग, शिक्षकवर्ग र अध्ययनकर्तालाई फाइदा पुग्ने देखिन्छ ।

## अध्ययनको सीमा निर्धारण

सीमाले अध्ययनको दायरा निर्धारण गरी विषयवस्तुमा केन्द्रित गर्छ । प्रस्तुत अध्ययनको मुख्य क्षेत्र इल्या भट्टराईको सुनामी कथाको प्राकृतिक प्रकोपबाट उत्पन्न परिस्थितिको चित्रण, आमा र छोराको सम्बन्ध,मातृत्वको परीक्षा र बाल मस्तिष्कमा पारेको गहिरो प्रभाव, समसामयिकता र यथार्थता, मातृवात्सल्य र अनुभूतिहरूको अन्तद्वन्द्व, प्रकोपको मारमा मानवीयता सङ्कटमा जस्ता समाजपरक जाति क्षण र परिवेशको आधारमा पक्षहरूलाई सामाजिक विश्लेषणका दृष्टिले अध्ययन गर्नु हो । यस अध्ययनमा त्यसै दृष्टिले मात्र सुनामी कथाको विश्लेषण गरिएको छ । अरु दृष्टिले गरिएको छैन । यही नै यस अध्ययनको सीमा हो ।

## अध्ययन विधि

यो अनुसन्धान गुणात्मक  अनुसन्धान हो । प्राथमिक स्रोतको रुपमा सुनामी कथा रहेको छ । द्धितीयक स्रोतको रूपमा पत्रपत्रिका,शोध सामग्री,नेटइन्टरनेट आदि पर्दछन् । यस अनुसन्धानमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यो अध्ययनलाई वर्णनात्मक र विश्लेषणात्मक पद्धतिबाट अगाडि बढाइएको छ ।

## सैद्धान्तिक ढाँचा

समाजशास्त्रको स्थापना अगस्त कोम्ते(सन्१७९८- १८५७) गरेका हुन् । सोसाइटस र लोगोसको अन्वयबाट सोसियोलोजी शब्द बनेको हो । ल्याटिन शब्द सोसाइटसको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । सोसोलेजी शब्दको नेपाली रुपान्तरण नै समाजशास्त्र हो । समाजशास्त्रलाई सैद्धान्तिक आधारमा चर्चा गर्ने काम हिप्पोलाइट एडल्फ टेनले गरेका हुन् । साहित्य र समाजलाई जोड्ने काम गरेका छन् । टेनले सन् १८६३मा "द हिस्ट्री अफ इङ्लिस लिट्रेचर"नामक पुस्तकको प्रस्तावनामा प्रत्यक्षवादको सार खिचेका छन् । यो अनुसन्धानले समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाएको छ । साहित्य र समाजलाई जोड्ने काम गरेका छन यस अनुसन्धानमा पनि सुनामी कथालाई समाजपरक अध्ययन गर्न टेनको जाति क्षण र परिवेशको आधारमा  समाजशास्त्रीय सिद्धान्तलाई आधार मानिएको छ । सुनामी कथालाई समाजसँग जोडिएको छ । कथामा भएका यावतपक्षहरू समाजको नजिक रहेका छन् । यो अनुसन्धानलाई समाजशास्त्रीय सिद्धान्तले अगाडि बढाएको छ ।

समाज साहित्य र संस्कृतिको सम्बन्ध अपरिहार्य हुन्छ भन्ने कुरालाई देखाइएको छ । सांस्कृतिक अध्ययनको थालनीमा दोस्रो विश्वयुद्ध पश्चात् पश्चिमी समाजमा विकसित विभिन्न मूल्य र पद्धतिहरूको प्रभाव र देन रहेको छ । वर्मिङ्गम विश्वविद्यालयमा सन् १९६४ मा स्थापित सेन्ट्रीफर कन्टेम्परारी कल्चरल स्टडिज प्रकाशित गरेपछि सांस्कृतिक अध्ययन परम्पराको थालनी भएको हो । यसका मूख्य संस्थापक रिचार्ड होगार्ड रेमन्ड विलियम्स इ.पि.थम्सन स्टुआर्ट हल हुन् । यही सिद्धान्तलाई अङ्गीकार गर्दै कथाको माध्यमबाट समाज विकासको कुनै कालखण्डको यथार्थलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । पूर्वी तराईको उपेक्षित मधेशी समुदायलाई उच्च वर्गले गरेको व्यावहार देखाइएको छ । दैनिक रूपमा गरिने व्यावहारबाट संस्कृति निर्धारण हुन्छ भन्ने कुरा देखाइएको छ (लामिछाने,२०२२) यस अनुसन्धानमा समाज जोडिएको हुनाले समाजका पात्रले दैनिक रूपमा देखाएका व्यावहार नै संस्कृतिका उपज हुन् । सांस्कृतिक सिद्धान्त पनि अगस्त काम्तेको  समाजशास्त्रीय सिद्धान्तले डोऱ्याएको हुनाले संस्कृति पनि समाजसँगै निहित रहेको पाइन्छ यस अनुन्धानलाई  यो सिद्धान्तले थप उर्जा दिइएको छ ।

इसाको उन्नाइसौँ शताब्तीमा प्रारम्भ भएको साहित्यको समाजशास्त्रीय परम्परा बीसौँ शताब्दीमा आइपुग्दा व्यवस्थित रूपमा विकास भयो । फ्रान्सेली चिन्तक लुसियाँगोल्डमानले साहित्य सम्बन्धी मान्यतालाई नयाँ ढङ्गले प्रस्तुत गरेका छन् । उसको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । साहित्यिक समाजशास्त्री र साहित्यका व्याख्याताका रूपमा चिनिन्छन् । यिनले साहित्यलाई समाजको उपजको

रूपमा लिएका छन् । साहित्य र समाज एकअर्काका पुरक हुन् । साहित्य र समाजको अध्ययन गर्ने शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले समाज निर्माण र विकासमा योगदान पुऱ्याउँछ । समाजका अन्य संस्था झैँ साहित्यलाई समाजको रूपमा लिएर अध्ययन गरिएको छ । साहित्यमा भएका घटनाले समाजको यथार्थलाई झल्काइदिन्छन् (पौडेल,सन्२०२३) यस अनुसन्धानका समाजशास्त्र नजिक रहेको कारण सुनामी कथाको सैद्धान्तिक पर्याधारलाई डोऱ्याउन ठुलो मद्दत पुग्दछ ।

नाटकका माध्यमबाट समाजको यथार्थ देखाइएको छ । साहित्यमा यथार्थवादको सुरुवात सन् १८३० तिरको जर्मन साहित्यबाट भएको मानिन्छ । सन् १८५७ मा प्रकाशित स्याम्प्लेर (सन्१८२१-१८८९) Lereaism शीर्षकको लेखलाई यथार्थवादको घोषणापत्र मानिन्छ । सोभियत महाधिवेशनमा बोल्दै मैक्सिम गोर्कीले समाजवादी यथार्थवादको सम्बन्धमा आफ्नो विचार व्यक्त गरेका थिए । सामाजिक यथार्थवाद मार्क्सवादी सिद्धान्तमा आधारित छ । सामाजिक यथार्थवाद साहित्यमा उपयोगी सिद्धान्त हो । यसलाई कालमार्क्सको सिद्धान्तले सशक्त बनायो (अर्याल,२०२३) । यस अनुसन्धानमा समाजशास्त्रसँग यथार्थवाद पनि गाँसिएको छ । सुनामी कथामा देखिएका घटनाहरू समाजको यथार्थतासँग जोडिएका छन् ।

मानवतावाद समाजका लागि एक महत्वपूर्ण पाटो रहेछ । मानवतावादी विचारको प्रस्तुति उपन्यासका माध्यमबाट समाजलाई पस्किदिएको छ । मानवतावाद यस्तो शक्ति हो, जसले मानिसलाई मानिस बनाउँछ । मानवले गर्ने थिचोमिचो,शोषण, दमन जस्ता व्यावहार नै मानवतावादका विरोधि व्यावहार हुन् । मानवले भातृत्वको विकास गर्नु, हत्या हिंसा त्याग्नु नै मानवतावाद हो मानवतावादको सिद्धान्त कहिल्यै पनि समाजबाट अलग रहन सक्दैन (न्यौपाने, सन् २०२३) ।

यो अनुसन्धानले समाजशास्त्रलाई आधार बनाएको छ तर समाजशास्त्र मानवतावादसँग नजिक रहेको छ । समाजशास्त्रीय सिद्धान्तबाट नै मानवतावाद जन्मिएको कारण यस अनुसन्धानलाई थप टेवा पुऱ्याएको छ । टेनको जाति, क्षण र परिवेशको सिद्धान्तले नै सुनामी कथाको सामाजिक अध्ययनमा गन्तव्यको बाटो देखाइदिएको छ । अनुसन्धानको पर्याधार खडा गरिदिएको छ । प्राकृतिक रूपमा आउने प्रकोपका कारण मानवता, सामाजिकता र आमा र छोराबिचको सम्बन्ध सङ्कटमा परेको देखाउन सहयोग पुऱ्याएको छ । म पात्र (आमा) र जोनाथनमा (छोरो) परेको मनोवैज्ञानिक असर देखाउने प्रयास गरेको छ । कथालाई सामाजिक रूपमा अध्ययन गरिएको छ । समाजशास्त्रको सिद्धान्तले यो अनुसन्धानलाई सार्थक तुल्याएको छ ।

## अध्ययन विश्लेषणको ढाँचा

कुनै पनि अध्ययनलाई गन्तव्यमा पुऱ्याउने आधार नै ढाँचा हो । अनुसन्धानको क्रममा आइपर्ने विभिन्न समस्याहरूको समाधान पहिल्याउने आधार हो । यस अध्ययनमा सुनामी कथामा रहेका समाजपरक पक्षहरूलाई जाति क्षण र परिवेशको आधारमा सामाजिक रूपबाट निहाल्दै वर्णनात्मक र विश्लेषणात्मक ढङ्गबाट अगाडि बढाइएको छ :

**सामग्री विश्लेषणको ढाँचा :**

**सुनामी कथाको सामाजपरक अध्ययन:** समाजपरक विश्लेषण भन्नेबित्तिकै साहित्य र समाजलाई जोड्नु पर्ने देखिन्छ । साहित्यले समाजमा कति प्रभाव पारेको हुन्छ र यि दुवैको सम्बन्धलाई देखाउनु पर्ने हुन्छ । टेनले साहित्यलाई समाजसँग जोड्दै तीन पक्षलाई मुख्य रूपमा देखाएका छन् । समाजशास्त्रलाई सैद्धान्तिक आधारमा चर्चा गर्ने काम हिप्पोलाइट एडल्फ टेनले गरेका हुन् । साहित्य समाजसापेक्ष हुने भएकाले यसको अध्ययनको केन्द्रबिन्दु समाज नै हुन्छ । समाजले कृतिमा पारेको प्रभाव र कृतिले समाजमा पारेको प्रभावको विश्लेषण गरिन्छ (शर्मा, सन् २०१२) । यहाँ सुनामी कथालाई समाजपरक अध्ययनको रूपमा टेनका प्रमुख मान्यताहरू जाति, क्षण र परिवेशको आधारमा चर्चा गरिएको छ ।

***जाति :*** जातिले कृतिमा अभिव्यक्त राष्ट्रिय चरित्रलाई बुझाउँछ (शर्मा,सन् २०१२) । कथामा विविध पात्रहरूको प्रयोग गरिएको हुन्छ । ती पात्रहरू नै जाति हुन् । सुनामी कथामा म पात्र ( आमा ), जोनाथन (जेठो छोरो), क्रिस्ट्रफर (कान्छो छोरो) श्रीमान् डेभिड गरी चार जना पात्रहरूको प्रयोग गरिएको छ । कथा नै मातृत्वको परिपरि रहेको छ । **प्राकृतिक प्रकोपबाट उत्पन्न परिस्थितिको चित्रण:** "होइन कहाँबाट आयो त्यत्रो ठूलो पर्खाल ? सबैको मनमा त्यही जिज्ञासा तुलबुलायो । अघिसम्म केही नभएको समुद्रमा आकस्मात् त्यत्रो ठूलो पर्खाल कहाँबाट आयो"(भट्टराई, २०६२, पृ. २०) सुनामी कथामा प्राकृतिक प्रकोपको रूपमा आएको सुनामीले मानिसको जीवनमा दु:ख, अभाव, सङ्कट र अनेकौँ शारीरिक, मानसिक र संवेगात्मक तनावहरू सिर्जना गरिदिन्छ । आमा (म पात्र) र जेठो छोरोबिचको (जोनाथन) सम्बन्धमा दरार पैदा गरिदिन्छ । आमा प्राकृतिक प्रकोपको मारमा परेको कारण जोनाथन म पात्र आमाबाट टाढिँदै गएको छभने बुबासँग नजिकको सम्बन्ध कायम भएको छ । हिप्पोलाइट एडल्फ टेनले साहित्य र समाजलाई जोड्ने काम गरेका छन । सोसोलोजी शब्दको नेपाली रुपान्तरण नै समाजशास्त्र हो (रेग्मी, सन् २०२२) । जोनाथनका नजरमा आमा हत्यारा सावित भएकी छिन् । यथार्थमा एउटा समाजकी आमाले भोग्नु परेको पीडा यस अनुसन्धानमा समाजसँग जोडिएको पाइएको छ । आजको समाज पनि समयमै सचेत हुन नसक्दा प्रकृतिको मारमा परेर सामाजिक सम्बन्धहरू टुटिरहेको देखिएको छ । **.आमा र छोराको मानवीय सम्बन्ध:** "मलाई के गरुँ,के गरुँ भयो,तर धेरै बेरसम्म सोच्न मसँग समय नै थिएन । मैले जोनाथनको हात छाड्ने निधो गरे"(भट्टराई,२०७७ २०७८) सुनामी कथामा प्रकृतिक प्रकोपको मारमा परेकी आमाले दुई सन्तानलाई एकैचोटी बचाउन नसक्दा आमाको छोराप्रतिको मानवियता सङ्कटमा परेको छ । मानवले गर्ने थिचोमिचो, शोषण,दमन जस्ता व्यावहार नै मानवतावादका विरोधि व्यावहार हुन् । मानवले भातृत्वको विकास गर्नु,हत्या हिंसा त्याग्नु नै मानवतावाद हो । मानवतावादको सिद्धान्त कहिल्यै पनि समाजबाट अलग रहन सक्दैन । ( न्यौपाने,सन्२०२३) । दुईबिचको सम्बन्धमा दरार पैदा भएको छ । आमाको मन हुँदाहुँदै पनि परिस्थितिवश सम्बन्ध टाढिएको छ । एउटी आमाले आफ्ना दुवै सन्तानलाई बचाउने प्रयास गर्दा सफल नभएको अवस्थामा त्यसबाट उत्पन्न समस्यालाई मानवीय सङ्कटमा परेको देखाइएको छ । समाजभित्रको मानवता पनि सङ्कटमा परेको छ भन्ने प्रष्ट भएको छ । **मातृत्वको परीक्षा र बालमस्तिष्कमा पारेको गहिरो प्रभाव**"ऊ अत्यासमा करायो आमा मेरो हात नछोड्नुहोस् मलाई पानीमा बग्न नदिनुहोस्"(भट्टराई,२०७७

२०७८पृ.२२)सुनामी कथामा सुनामीका कारण एउटालाई च्यापेर (क्रिष्टोफर) अर्कोलाई (जोनाथन) बचाउन नसक्दा बाल मस्तिष्कमा परेको प्रभाव देखाइएको छ । साहित्यलाई समाजको उपजको रुपमा लिएका छन् । समाजका अन्य संस्था झैँ साहित्यलाई समाजको रूपमा लिएर अध्ययन गरिएको छ । साहित्यमा भएका घटनाले समाजको यथार्थलाई झल्काइदिन्छन् (पौडेल,सन्२०२३पृ.३) ।अथाह मायाममता हुँदाहुँदै पनि प्रकोपले मातृत्वको परीक्षा लिएको छ । जोनाथनको कलिलो मस्तिष्कमा आमाप्रति विभेद, हीनता ,र घृणाको भावना पैदा भएको देखिएको छ । एउटी आमाको मातृत्वको परीक्षा दिन सुनामीको एउटा घटना नै मुख्य जड भएको छ । जोनाथनको स्नेह,माया,सद्भाव,असल शिक्षादीक्षा र मार्गदर्श बदलिएर नकारात्मक सोच , व्यावहार र धारणामा परिवर्तन भएको छ । हाम्रो समाजका धेरै आमाहरूलाई सुनामीले सन्तानको मायासँग परीक्षा लिएको छ । **मातृवात्सल्य र अनुभूतिहरूको अन्तर्द्वन्द्व:**"उसको मनमा आमाको मायाप्रति एउटा ठुलो प्रश्न चिन्ह जन्माइदियो । विचरो मेरो छोरो भत्किएको विश्वास लिएर बाँचेको उसको जीवनमा सम्बन्धप्रति विश्वासको मुना पलाउला त ? आगतमा कसैको मायामा पूर्णतया विश्वस्त भई निर्भिक रुपमा ऊ बाँच्न सक्ला त" (भट्टराई २०७७ २०७८पृ.२३)। सुनामी आउँदाको कठिन परिस्थितिमा पनि म पात्रले दुवै सन्तानको ज्यान जाने खतरा उत्पन्न हुँदा विवेक प्रयोग गरी सानो सन्तानको ज्यान बचाउन गरेको सङ्घर्षले मातृ वात्सल्य देखाएको छ । टेनले १८६३मा "द हिस्ट्री अफ इङ्लिस लिट्रेचर"नामक पुस्तकको प्रस्तावनामा प्रत्यक्षवादको सार खिचेका छन् (रेग्मी, २०२२) । म पात्रका अनुभूतिहरूको अन्तर्द्वन्द्व कथामा उद्घाटन गरिएको छ । म पात्रले मुस्किलले दुई छोरा आफूलाई सम्हाल्छिन् तर समुद्रको बेजोड छालकासामु उनी गल्छिन् र जेठो छोरो जोनाथनको हात छोडिदिन्छिन् क्रिस्ट्रफर (कान्छो छोरो) सानो भएकोले उसलाई बचाउँछिन् । यस अनुसन्धानमा एउटी समाजकी आमाले सन्तानको मायामा बारम्बार परीक्षा दिनुपरेको घटनालाई लिएर साहित्य र समाजलाई जोड्ने काम गरिएको छ ।

***क्षण :*** क्षण अन्तर्गत टेनले युग विशेषलाई लिएका छन् (शर्मा,सन् २०१२) । यसमा युग भनेको लेखक बाँचेको र उसको जीवनमा प्रत्यक्ष प्रभाव पारेको समय हो । कृतिमा लेखकका जीवनको महत्त्वपूर्ण क्षणहरू समेटिने भएकोले र समस्या पनि आफैँले भोगेको हुनाले सुनामी कथामा सुनामीको बारेमा र त्यसबाट निम्तिने सम्बन्ध दरारको चर्चा गर्न सकेका हुन् । इल्या भराईले कथामा समाजको यथार्थलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुपर्छ भन्ने उनको मान्यता रहेको छ । उनका कथाहरू सामाजिक धरातलका उभिएका हुन्छन् । उनको विचार कथाको सन्दर्भमा उत्तिकै लागु भएको छ । सुनामी कथाका विषयवस्तुहरू यात्राका सन्दर्भमा देखे भोगेका धटनालाई बनाएकी छिन् । यथार्थवादकी सशक्त हस्ताक्षर हुन् ।

***समसामयिकता र यथार्थता:***"भगवानले लिएको त्यस क्रुर परीक्षाबाट म मात्र होइन जोनाथन पनि त्यतिकै घाइते भएको छ । भन्ने मलाई थाहा छ त्यो दुर्भाग्यपूर्ण घटनाले एकातिर मेरो मनमा पश्चतापको दावानल सल्काइदियो भने अर्कातिर त्यसले जोनाथनको कलिलो मस्तिष्कमा अविश्वासको ठूलो पर्खाल उभ्याइदियो" (भट्टराई २०७७-२०७८) । सुनामी कथाले समसामयिकता र यथार्थता बोकेको छ (अर्याल, २०२३) । सुनामी आउँदाको डर,भय र त्रासदी बाह्य परिवेश तथा सुनामी गइसकेपछि त्यसले एउटी आमा (म पात्र) र जोनाथनमा पारेको मनोवैज्ञानिक असर आन्तरिक परिवेशको रूपमा यथार्थ आएको

छ । आधुनिक समयका प्रविधि, संस्कार, वार्तालाप र विकासको प्रस्तुति सुनामी कथामा देखिन्छ । समग्रमा समाजमा भएका यथार्थ घटनालाई देखाइएको छ ।

***परिवेश :*** लेखक बाँचेको समय र भौगोलिक पर्यावरणलाई नै परिवेश भनिन्छ । इल्या भट्टराई कुशल नियात्राकार हुन् । उनी तारानाथ शर्मालाई आफ्नो लेखनको आदर्श मान्ने इल्या भट्टराई नियात्रा लेखनमा बढी रुचि राख्ने गर्दछिन् । आफ्ना कथामा पनि यात्राको सन्दर्भमा देखेभोगेका घटनालाई आधार बनाएर लेखेकी छिन् । उनको कथाले अन्तराष्ट्रिय परिवेशको चित्रण गरेको छ । सुनामी कथामा थाइल्यान्डको फुकेत टापुमा भएको घटना जोडिएको छ । सुनामी आउँदाको भय, डर, त्रासदि र आशङ्का बाह्य परिवेश सुनामी गइसकेपछि त्यसले म पात्र र जोनाथनमा पारेको मनोवैज्ञानिक असर आन्तरिक परिवेशको रूपमा कथामा आएका छन् ।

***प्रकोपको मारमा मानवियता सङ्कटमा पर्नु:*** जोनाथनका ती मौन आखाँहरूले मसँग जुनबेला पनि त्यही प्रश्न सोध्न थाले । आमाद्वारा नकारिएको पीडाले उसको मनलाई आत्मविश्वासहीनताको गहिरो खाडलभित्र हालिदिएको थियो । ऊ न त त्यो खाडलभित्र पुरिन सकेको थियो,न त त्यो खाडलबाट बाहिर आउन सकेको थियो"(भट्टराई २०७७ २०७८) । सुनामी कथामा सुनामीका कारण एक र अर्कोबिचमा (आमा र छोरोबिचमा) रहेको मानवियता सङ्कटमा परेको छ । मानवतावाद यस्तो शक्ति हो, जसले मानिसलाई मानिस बनाउँछ । मानवले गर्ने थिचोमिचो,शोषण,दमन जस्ता व्यावहार नै मानवतावादका विरोधि व्यावहार हुन् । मानवले भातृत्वको विकास गर्नु हत्या हिंसा त्याग्नु नै मानवतावाद हो मानवतावाद समाजबाट अलग रहन सक्दैन (न्यौपाने,सन्२०२३) । सानो सन्तानको (क्रिष्टोफरको) ज्यान बचाउन लाग्दा गरेको सङ्घर्ष र त्यागले मानवियता सङ्कटमा परेको छ । परिस्थितिवश एउटी आमाले दुवै सन्तानलाई बराबर माया दिन नसक्दा सन्तानमा पैदा हुने नकारात्मक व्यावहार देखाइएको छ । मानवीय सम्बन्धमा शङ्का र मायामा अविश्वास उत्पन्न हुँदा सानो घटना पनि पर्याप्त हुने भाव समाजसँग जोडेको पाइएको छ । आमाको परिस्थितिजन्य व्यावहारले कलिलो बाल मस्तिष्कमा पारेको दीर्घकालीन प्रभावलाई चित्रण गर्दै कथामा त्यस्ता प्रभावहरूको न्यूनीकरणका लागि आग्रह गरिएको छ । तमाम आमाहरूको मनमा, रहेको मानवता सङ्कटमा परेको देखाइएको छ । समुन्द्र, सुनामी, तथा किस्टोफर, जोनाथन, डेभिड जस्ता विदेशी नामको प्रयोगले पनि कथाको परिवेश अन्तराष्ट्रिय हो भन्ने प्रष्ट हुन्छ । "थाइल्यान्डको त्यो रमणीय टापु फुकेतको त्यो बिहानीपख साँच्चिकै मनमोहक थियो । होटेलको कोठाबाट बाहिर हेर्दा सिरसिर हावा लागेर हल्लिरहेका ताडका रुखहरूले होटेलको अगाडिको त्यो मनमोहक बगैँचाले पनि आफ्नो आँखा अगाडिको चाँदीजस्तो टलक्क टल्केको समुद्रका बगरले र त्यहाँको त्यो न्यानो बिहानीले मलाई एकाबिहानै समुद्रको बगरमा डुल्ल जान उत्प्रेरित गरेका थिऐ"(भट्टराई २०७७ २०७८) । यो परिवेशले पनि अन्तराष्ट्रिय परिवेशलाई बुझाएको छ । कथाकार इल्या भट्टराईले नेपालभन्दा बाहिरको परिवेश चित्रण गरेकी छिन् ।

***लेखक, लेख र पाठक :*** लेखको समाजपरक विश्लेषण गर्दा लेखक,लेख र पाठकबीचमा समाजमा एकरुपता हुनु पर्ने हुन्छ यदि समाजमा एकरुपता भयो भने समाजपरक दृष्टिले उत्तम ठहरिन्छ । कृतिमा चित्रित समाजमा लेखक र पाठकको समाज पनि प्रतिबिम्बित हुनु पर्छ भन्ने अवधारणा नै लेखक,

कृति र पाठकको अन्तरसम्बन्धको कडी हो । यस कथामा पनि अन्तराष्ट्रिय परिवेश जोडिएको छ । न्युजिल्यान्डको गर्मी छल्न थाइल्यान्डको फुकेत टापुमा म पात्र र उनका छोराहरू र श्रीमान्सँग घुम्न आएको प्रसङ्ग जोडिएको छ । इल्या भट्टराई कुशल नियात्राकार हुन् । उनी तारानाथ शर्मालाई आफ्नो लेखनको आदर्श मान्ने इल्या भट्टराई नियात्रा लेखनमा बढी रुचि राख्ने गर्दछिन् । आफ्ना कथामा पनि यात्राको सन्दर्भमा देखेभोगेका घटनालाई आधार बनाएर लेखेकी छिन् । उनको सुनामी कथाले अन्तराष्ट्रिय परिवेशको चित्रण गरेको छ । थाइल्यान्डमा धेरै सुनामी आउने र त्यसको कारण सम्बन्धमा दरार पैदा हुने यथार्थ भएकोले त्यो घटनालाई समाजसँग जोडिएको छ । उनी आफैले यात्राका सन्दर्भमा देखेभोगेका घटनालाई आधार बनाएकाले समाजपरक विश्लेषण गर्न सकिएको छ ।

## निष्कर्ष

इल्या भट्टराईको सुनामी कथा नेपाली कथाकै उत्कृष्ट कथा मानिन्छ । साहित्य रचनामा टेनको सिद्धान्तलाई आधार मान्दै कथामा जाति,क्षण र परिवेशको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा सार्थक भएको छ । सुनामी कथालाई जाति क्षण र परिवेशको आधारमा सामाजिक धरातलमा राखेर अध्ययन गर्न सक्नु नै निष्कर्ष रहेको छ । यात्राको सन्दर्भमा देखेभोगेका घटनालाई आधार बनाएर सामाजिक धरातलमा उभिएर लेखेकी छिन् । उनको कथाले अन्तराष्ट्रिय परिवेशको चित्रण गरेको छ । सुनामी आउँदाको भय, डर, त्रासदि र आशङ्का बाह्य परिवेश सुनामी गइसकेपछि सामुद्रिक ज्वारभाटा सुनामीले मानवीय जीवनमा पार्ने असरहरू देखाइएको छ । प्राकृतिक प्रकोपले समाजिक रूपबाट मानिसको जीवनमा दुःख,अभाव, सङ्कट र अनेकौँ शारीरिक,मानसिक र संवेगात्मक तनावहरू सिर्जना गरिदिन्छ भन्ने कुरा देखाइएको छ । एउटी आमाले (म पात्र) आफ्ना दुवै सन्तानलाई बचाउने प्रयास गर्दा सफल नभएको अवस्थामा त्यसबाट उत्पन्न समस्यालाई प्रस्तुत गरिएको छ । यो कथाको समाजपरक पक्षहरूको खोजी गरी प्राकृतिक प्रकोपबाट उत्पन्न परिस्थितिको चित्रण यस अध्ययनमा जाति,क्षण र परिवेशको आधारमा पुष्टि भएको छ । यि घटनाहरूले सिङ्गो समाजलाई यथार्थ प्रभाव पारेको देखिएको छ । यस अनुसन्धानबाट प्राकृतिक रूपमा आउन सक्ने सुनामीबाट हामी समयमै सचेत रहनु पर्ने देखिएको छ । आमाको व्यावहार सबै सन्तानलाई बराबर किसिमको नहुँदा उनीहरूमा विभेद,हीनता र घृणाको भावना पैदा हुने तथ्य फेला परेको छ । एक्कासि आउने सुनामीको छालले निलिरहँदा दुई सन्तानको साथमा एउटी आमाले जेठो छोराको हात छोड्न विवश भएको कारुणिक यथार्थ देखाइएको छ । भावी अध्येताहरूले अन्य कथाहरूको सामाजिक अध्ययन गर्न सक्ने छन् ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन सुनामी कथाको समाजपरक विश्लेषणमा अधारित छ । सर्वप्रथम यो अनुसन्धानलाई प्रकाशित गरिदिने जर्नलप्रति धेरै धेरै धन्यवाद ज्ञापन गर्न चाहान्छु । यो अनुसन्धान तयार गर्ने क्रममा अति व्यस्तताका समयमा पनि आफ्नो अमूल्य समय दिई आवश्यक सल्लाह,सुझाव दिनु हुने महेन्द्र रत्न ताहाचलका हेरम्बराज बास्तोला ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आवश्यक सहयोग

उपलब्ध गराउने  जनभावना क्याम्पस परिवारप्रति आभारी छु । यस अनुसन्धानमा अन्य आवश्यक सरसहयोग उपलब्ध गराउने साथीभाइ र मेरो परिवारप्रति पनि आभार प्रकट गर्दछु ।

## सन्दर्भ सामग्री

अर्याल, शेखर (सन्२०२३), *मोटरसाइकलको बिहे बालनाटकमा सामाजिक यथार्थवाद,* प्रकाशित कग्निसन जर्नल, महेन्द्र आदर्श विद्याआश्रम कलेज ।

न्यौपाने, सुभाषचन्द्र (सन्२०२२), *मोदिआइन् उपन्यासको मानवतावाद,* प्रकाशित दृष्टिकोण जर्नल, अनुसन्धान व्यवस्थापन शाखा, महेन्द्र वहूमुखी क्याम्पस धरान, त्रि. वि.।

पौडेल, लतादेवी (सन्२०२३), *युद्धविराम जिन्दावाद कथामा विश्वदृष्टि* प्रकाशित कलादर्पण, महेन्द्र रत्न बहूमुखी क्याम्पस,इलाम ।

भट्टराई, इल्या (२०६२),*अनि ........,* दीपक भट्टराई ।

भट्टराई, इल्या (२०७७ २०७८),*सुनामी कथा,* पिनाकल पब्लिकेसन प्रा.लि.।

रेग्मी, कमला (सन्२०२२),*क्षण,जाति र परिवेशका आधारमा अभागी कथाको विश्लेषण,* प्रकाशित ए.एम.सिं जर्नल,अनुसन्धान व्यवस्थापन शाखा , आदर्श बहूमुखी क्याम्पस गजुरी ।

लामिछाने, शारदा (सन्२०२२),*पछबरिया टोल कथामा सांस्कृति स्वरुप,* प्रकाशित नुता जर्नल, पाटन सं*युक्त क्याम्पस,त्रिभुवन* विश्वविद्यालय।

शर्मा, बिन्दु (सन् २०१२),*उलार उपन्यासको समाजपरक समालोचना*